# भूमे साप्ताहिक

वर्ष ५ अङ्क २८ २०८० मंसिर १३ बुधबार


## सम्पादकीय

# १६ दिने अभियानको सन्देश

नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म महिला हिंसाविरुद्धको १६ दिने अभियान शुरु भएको छ। हरेक वर्ष यही मितिमा सञ्चालन गरिने अभियानले सचेतना फैलाउनुका साथै सबैखाले महिला हिंसा न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। यही सिलसिलामा भूमे गाउँपालिकाले पनि नोभेम्बर २५ अर्थात् मंसिर ९ गतेदेखि अभियानको उद्घाटन गरेर हरेक वडामा विभिन्न कार्यक्रमहरु आयोजना गरी गाउँ गाउँमा सचेतना फैलाउने, महिलाहरुलाई जागरुक बनाउने र लैङ्गिक हिंसा अन्त गर्ने लक्ष्य लिएको छ।

पछिल्लो समयमा महिलाहरुमाथि विशेष गरी यौनजन्य हिंसा धेरै भएको पाइएको छ। कुनै समय महिलाहरुमाथि विभेद र घरेलु हिंसाका घटनाहरु बढी देखिने गरेका थिए। अहिले त्यस्ता घटनाहरुभन्दा यौनजन्य हिंसा, दुर्व्यवहार, बलात्कारसम्मका घटनाहरु बढी देखिएका छन्। त्यसो भन्दै गर्दा विभेद र घरेलु हिंसा नभएका भने होइनन् तर तुलनात्मक रुपमा अलि कम देखिएका छन्। त्यसैले यौनजन्य हिंसाका घटनाहरु न्यूनीकरण गर्न र महिला हिंसामुक्त समाज निर्माण गर्न सबैले सचेत पहलकदमी बढाउन जरुरी छ। यौनजन्य हिंसाका घटनालाई गुपचुप राख्ने, लाजको विषय बनाउने र गाउँघरमै मिलापत्र गर्ने गलत तरिका अपनाउनु हुँदैन। सबैलाई कानुनी दायरामा ल्याउने र पीडकलाई कडा सबक सिकाउने गरी कार्बाही गर्नुपर्दछ । पीडितले अरुले गरेको अपराधमा आफूले लाज र हीनताको विषय होइन, अपराधीलाई दण्ड दिएर समाजलाई सन्देश दिनुपर्दछ। अनि मात्रै यौनजन्य हिंसाका घटनाहरुमा कमी आउनेछ। अतः १६ दिन मात्रै होइन, समाजमा हामीले सधैं यस्ता अभियानहरु चलाइरहनु पर्दछ। यो अभियानले महिलालाई सशक्तिकरण गर्न र समाजमा सचेतनामूलक अभियान सधैं चलाइरहन सन्देश दिनेछ।




प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमेमा किबी खेती परीक्षण सफल, कृषक उत्साहित



भूमे गाउँपालिकाको वडा नं. ५ डालिबाङमा लगाएको किबी खेतीबाट राम्रो उत्पादन भएपछि यहाँका कृषकहरु किबीको व्यावसायिक खेतीतर्फ आकर्षित भएका छन्।

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । जिल्लाको भूमे गाउँपालिकामा परीक्षणका लागि लगाइएको किबी राम्रो उत्पादन भएपछि यहाँका कृषकहरु उत्साहित भएका छन्। गाउँपालिकाको वडा नं. ५ डालिबाङका कृषक मोहनसिंह पुनले लगाएको किबी राम्रो उत्पादन भएपछि यहाँका कृषकहरु व्यावसायिक किबी खेतीतर्फ आकर्षित भएका हुन्। डालिबाङको आफ्नै १५ रोपनी जग्गामा किबी खेती गरिरहेका पुनले यहाँको हावापानी र वातावरणमा किबी राम्रो उत्पादन हुने पुष्टि भएको बताउनु भयो। किबी खेतीबाट राम्रो आम्दानी हुने र एकपटक रोपेपछि वर्षौंसम्म आम्दानी लिन सकिने हुँदा गाउँका अरु कृषकहरु किबी खेतीतर्फ लागेको पुनले बताउनु भयो।

पुनले किबी खेतीका साथै तरकारी खेती र लोकल कुखुराको व्यवसाय पनि शुरु गर्नुभएको छ। कुखुराबाट मासिक २०-२५ हजारसम्म

आम्दानी हुने र तरकारी खेतीले आफूले खाएर केही बेच्न पनि सकिने भएपछि किबी खेतीको आम्दानी फाइदामै गएको छ। विदेश जानलाई बनाएको पासपोर्ट थन्काएर गाउँमै किबी खेतीमा भुलेको उहाँको भनाइ छ। "विभिन्न पुस्तक पढेँ। युट्युवमा किबी खेती प्रविधिबारेका भिडियोहरु हेरेँ" उहाँले भन्नुभयो, "धैरे स्थानमा गएर किबी खेतीका फर्महरु पनि अवलोकन गरेँ। अनि मात्रै परीक्षणको रुपमा आफ्नो बारीमा किबी लगाएको हुँ।"

सुरुको बर्षमा लगाएको बोटले राम्रै फल दिन थालेपछि करिब १० लाख लगानीमा २०७७ माघबाट १५ रोपनी जग्गामा खेती गरेको उहाँले बताउनु भयो। आफ्नो गाउँ र भूमे गाउँपालिका नै हावापानी र उचाइको हिसाबले किबी खेती गर्न उपयुक्त छ भन्ने थाहा पाएपछि आफू यसतर्फ आकर्षित भएको पुनको भनाइ छ। अहिले उहाँले पोथी जातको हेवार्ड, एलिसन बुरनो, रेड किवी, गोल्डेन र भाले जातअन्तर्गत टुमरो एलेसन जातका किबी लगाउनु भएको छ।

पुनले ३ वर्षअघि मकै फल्ने बारी मासेर ३ सय बढी किबीका विरुवा रोप्नुभएको थियो। उहाँका अनुसार आफ्नो बारीमा उत्पादन भएको किबी केही गाउँमै खपत हुन्छ भने केही बाहिरी जिल्लामा पठाउनु हुन्छ। हाल प्रतिकेजी दुई सय ५० देखि ३ सय रुपैयाँसम्ममा स्थानीय बजारमा बिक्री गरिररहेको उहाँको भनाइ छ। किबी खेती गरिरहेको उनको बारीबाट मध्यपहाडी लोकमार्ग ५ किमि टाढा छ। त्यसले गर्दा पनि टाढासम्म पु-याउन उहाँलाई त्यति समस्या छैन।

आफूले शुरु गरेपछि पछिल्लो समय गाउँका अरु कृषक पनि किबी खेतीतर्फ आकर्षित भएको उहाँको भनाइ छ। "मैले खेती गर्न थालेपछि अरु कृषकले पनि शुरु गर्नुभएको छ। गाउँ गाउँमा सडकको पहुँच पनि बढेको छ। आगामी दिनमा बजारीकरणमा समेत थप सहज हुन्छ भन्ने हामीलाई आस छ," उहाँले भन्नुभयो, "शुरुमा किबीले फल दिन तीन-चार वर्ष लागे पनि त्यसपछि अन्य बालीको तुलनामा किबीबाट राम्रो आम्दानी लिन सकिन्छ।" राम्रो आम्दानी लिनको लागि सुरुमा जमिन तयार गर्दा भने ध्यान दिनुपर्ने उहाँको भनाइ छ। पहिलो पटक खेती विस्तार गर्ने कृषकले कृषि प्राविधिक अथवा अनुभवी कृषकको सल्लाह लिनुपर्ने उहाँले बताउनु भयो। उहाँले भन्नुभयो, "खास गरेर किवीको बिरुवा हिउँद महिना अर्थात् पुसदेखि माघको अन्तिमसम्म लगाउन उपयुक्त हुन्छ। विरुवा विस्तार गर्नुपूर्व नै प्राङ्गारिक मल कुहाएर लगाएमा राम्रो फस्टाउँछ।"

पुनले गरेको किबी खेतीबाट प्रभावित भएर डालिबाङकै ५९ बर्षीय निमबहादुर बुढाले पनि १ सय बढी किबीका विरुवा रोप्नुभएको छ। उहाँले भन्नुभयो, "मैले व्यावसायिक रुपमा किबी खेती सुरुवात गरेँ भने भोलि छोराछोरी, नातिनातिनीहरुले पनि किबी खेती वा अन्य व्यावसायिकमा लाग्नेछन्। कृषि प्रविधिमा लागेर उनीहरु गाउँमै रमाउने छन्। अहिले केही आम्दानी पनि होला भनेर किबी खेती गरेको छु।"

पछिल्लो समय कृषकहरुको आकर्षण बनेको किबी खेतीलाई प्रवर्द्धन गर्न स्थानीय सरकारले उत्पादित किवीको व्यवस्थित बजारीकरणमा पहल गर्नुपर्ने कृषकहरुको माग छ।

### लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

# हिंसाविरुद्ध सचेतना जगाउन हरेक वडामा अन्तर्क्रिया







"सानै छु म, बढ्न देऊ, बाल विवाह हैन पढ्न देऊ" भन्ने नाराका साथ चुनबाङमा बालविवाह न्यूनीकरण सम्बन्धी सडक नाटक प्रस्तुत गरिएको छ।

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । भूमे गाउँपालिकामा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको छ। लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता, महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता भन्ने मुल नाराका साथ शनिबार खाबाङ बगरमा -याली, कोणसभा र अन्तरक्रिया गरी अभियान सुरु गरिएको हो। -यालीपछि आयोजित अन्तरक्रियात्मक सभालाई सम्बोधन गर्दै प्रमुख अतिथि भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले अबको जमानामा लैङ्गिक हिंसा लज्जाको विषय भइसकेको बताउनु भयो। अब पनि हामीले लैङ्गिक हिंसा गर्छौं भने त्यो लाजको विषय हो, हाम्रो सोच र चिन्तन कति गएगुज्रेको रहेछ भन्ने




त्यसबाटै थाहा हुन्छ" उहाँले भन्नुभयो, "लैङ्गिक हिंसा अपराध हो। अब त्यसको अन्त गर्न हामीले सुनिश्चित गर्नै पर्दछ र महिला र बालबालिकाको भविष्य उज्ज्वल बनाउन लगानी गर्नु आजको आवश्यकता हो।" स्थानीय सरकारले गाउँघरमा हुने लैङ्गिक हिंसाका घटनाहरुलाई सामान्य रुपमा नलिई गम्भीर अपराधकै रुपमा लिने उहाँले बनाउनु भयो।

कार्यक्रममा रुकुम पूर्वका प्रमुख जिल्ला अधिकारी माधव प्रसाद शर्माले परम्परागत नेपाली समाजले छोरीलाई गर्भावस्थादेखि विभेद गरिरहेको भन्दै अब त्यस्तो अवस्थाको अन्त हुनुपर्ने बताउनु भयो। महिला र बालबालिकाका विषयमा संवेदनशील हुनुपर्ने भन्दै प्रजिअ शर्माले महिला हिंसाका घटनामा राज्य कडा रुपमा प्रस्तुत हुने बताउनु भयो।

कार्यक्रमको अध्यक्ष समेत रहनुभएका भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढाले महिला हिंसाविरुद्धको अभियान जनस्तरमा जागरुकता फैलाउने र महिला हिंसा न्यूनीकरण गर्ने कार्यमा सबै सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय आवश्यक रहेको बताउनु भयो। महिलाहरुले आफूमाथि हुने सबैखाले हिंसा, यौन हिंसा, बलात्कार तथा घरेलु हिंसा लगायतका घटना सहेर नबस्न समेत उहाँले आग्रह गर्नुभयो।

जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वका प्रमुख प्रहरी नायब उपरीक्षक अन्जना श्रेष्ठले महिलाहरुमाथि अन्य हिंसाभन्दा यौनजन्य हिंसा बढी हुने गरेको बताउनु भयो। आफूमाथि हिंसा भएमा चुप लागेर नबस्न आग्रह गर्दै प्रहरी प्रमुख श्रेष्ठले आम महिला दिदीबहिनीहरुलाई न्यायमा पहुँच सुनिश्चित गर्न आफूहरु प्रतिबद्ध रहेको बताउनु भयो। उहाँले भन्नुभयो, "आफूमाथि हिंसा हुँदा चुप लागेर बस्ने, गाउँमै मिलाउन खोज्ने, प्रहरीमा उजुरी नआउने अवस्था छ। अब हिंसा सहेर बस्ने होइन, गुपचुपमै मिलाउने होइन। पीडकलाई कारबाही र पीडितलाई न्याय हुनुपर्दछ।"

भूमे गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देविलाल विक, जिल्ला समन्वय अधिकारी रबिन्द्र बुढाथोकी, विभिन्न संघ संस्था एवं आमा समूहको उल्लेख्य सहभागिता रहेको थियो।

कार्यतालिका अनुसार भूमेका ९ वटै वडाहरुमा १६ दिन विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाइने छ। जसअनुसार ९ गते खाबाङ बगरमा

भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष : ०८०/०८१
सूचना नं.: १३

**लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सम्बन्धी दिवस मनाउने सम्बन्धमा !**
(सूचना प्रकाशन मिति : २०८०/०८/०८ गते)

भूमे गाउँपालिकाको दिवस/ समारोह समितिको मिति २०८०।०८।०८ को निर्णयानुसार लैङ्गिक हिंसा विरुद्धको १६ दिने अन्तराष्ट्रिय दिवस (नोभेम्बर २५ देखि डिसेम्बर १०) को अवसरमा **"UNIT! INVEST TO PREVENT VIOLENCE AGAINST WOMEN & GIRLS"** अन्तराष्ट्रिय नारा तथा **"लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता: महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता"** भन्ने राष्ट्रिय नारासहित तपसिल बमोजिमको कार्यक्रम/ क्रियाकलापहरु सञ्चालन गरी भव्य रुपमा दिवस मनाउने कार्यक्रम रहेकोले सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

१. कार्यक्रम तथा क्रियाकलापहरु :

| क्र.सं. | मिति | क्रियाकलाप/ कार्यक्रमहरु | स्थान/ वडा नं. | समय | कै. |
|---|---|---|---|---|---|
| १ | २०८०।०८।०९ गते | उदघाटन, र्‍याली तथा दिप प्रज्वलन कार्यक्रम | गाउँ कार्यपालकाको कार्यालय | विहान ११:०० बजे | |
| २ | २०८०।०८।१० गते | लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम | वडा नं. २ को कार्यालय | | |
| ३ | २०८०।०८।११ गते | लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम | वडा नं. ६ को कार्यालय | | |
| ४ | २०८०।०८।१३ गते | लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम | वडा नं. ९ को कार्यालय | | |
| ५ | २०८०।०८।१४ गते | लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम | वडा नं. ८ को कार्यालय | | |
| ६ | २०८०।०८।१५ गते | एच. आई. भी. एड्ससम्बन्धी सचेतना कार्यक्रम | वडा नं. १ को कार्यालय | | |
| ७ | २०८०।०८।१७ गते | अपाङ्गता दिवससँगै अपाङ्गता भएका व्यक्तिहरुसँग अन्तर्क्रिया कार्यक्रम | वडा नं. ७ को कार्यालय | | |
| ८ | २०८०।०८।१९ गते | स्वयंसेविका दिवस मनाउने सम्बन्धी कार्यक्रम | गाउँपालिका र सबै स्वास्थ्य संस्थाहरु | | |
| ९ | २०८०।०८।२० गते | लैङ्गिक हिंसा न्यूनिकरण सम्वन्धी अन्तर्क्रिया कार्यक्रम | वडा नं. ४ को कार्यालय | | |
| १० | २०८०।०८।२१ गते | लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम | वडा नं. ५ को कार्यालय | | |
| ११ | २०८०।०८।२२ गते | महिनावारी दिवस तथा लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रग | वडा नं. ३ को कार्यालय | | |
| १२ | २०८०।०८।२४ गते | लैङ्गिक हिंसा न्यूनिकरणसँग सम्बन्धित सचेतनामूलक सामुहिक गायन प्रतियोगितासहित समापन कार्यक्रम | गाउँ कार्यपालकाको कार्यालय | | |

२. लैङ्गिक हिंसा न्यूनिकरणसँग सम्बन्धित सचेतनामूलक सामुहिक गायन प्रतियोगिता :

पुरस्कारहरु :

१. प्रथम पुरस्कार रु. ५,०००। सहित प्रमाणपत्र
२. द्वितीय पुरस्कार रु. ४,०००। सहित प्रमाणपत्र
३. तृतीय पुरस्कार रु. ३,०००। सहित प्रमाणपत्र
४. सान्तवना पुरस्कार रु. २,०००। सहित प्रमाणपत्र

नोट : गाउँपालिका क्षेत्रभित्र लैङ्गिक हिंसा विरुद्धको अभियानमा सक्रीय १ जना व्यक्तिलाई सम्भान गर्ने कार्यक्रम समेत रहेकोले सबै वडा कार्यालयहरुले सिफारिस गरी पठाउनुहुन अनुरोध छ।

देवीलाल वि.क.

उद्घाटन, १० गते वडा नं. २ मा र ११ गते वडा नं. ६ मा लैङ्गिक हिंसा न्यूनीकरणसम्बन्धी अन्तरक्रिया सम्पन्न भइसकेको छ भने आज (बुधबार) वडा नं. ९ मा अन्तरक्रिया हुँदैछ। त्यस्तै १४ गते वडा नं. ८ मा, २० गते ४ नं. वडामा र २१ गते ५ नं. वडामा लैङ्गिक हिंसा न्यूनीकरणसम्बन्धी अन्तरक्रिया कार्यक्रम हुनेछ।

त्यसैगरी १५ गते वडा नं. १ मा एचआइभी/एड्स सम्बन्धी सचेतना, १७ गते वडा नं. ७ मा अपाङ्गता दिवससँगै अपाङ्गता भएका व्यक्तिहरुसँग अन्तरक्रिया, १९ गते गाउँपालिका कार्यालय र सबै स्वास्थ्य संस्थाहरुमा स्वयंसेविका दिवस मनाउने, २२ गते वडा नं. ३ मा महिनावारी दिवस तथा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी अन्तरक्रिया र २४ गते गाउँपालिका कार्यालयमा लैङ्गिक हिंसा न्यूनीकरणसँग सम्बन्धित सचेतनामूलक सामूहिक गायन प्रतियोगितासहित अभियान समापन गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवीलाल विकले जानकारी दिनुभयो।

समापनको दिन आयोजना गरिएको गायन प्रतियोगितामा प्रथम, दोस्रो, तेस्रो र सान्त्वना हुनेलाई क्रमशः ५ हजार, ४ हजार, ३ हजार र २ हजार रुपैयाँ नगदसहित प्रमाणपत्र दिइने र अभियानका क्रममा सक्रिय भई लाग्ने एक जनालाई सम्मान गर्ने पनि विकले जानकारी बताउनु भयो।

# कृषि प्राविधिकहरुसँग समीक्षात्मक अन्तर्क्रिया

❖ बालाराम शेर्पाली

रुकुम पूर्व । एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुम पूर्वले चालू आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा वित्तीय प्रगति ५३.२९ प्रतिशत र भौतिक प्रगति ६९.१ प्रतिशत बजेट खर्च गरेको छ। यसैगरी बार्षिक विनियोजन तुलनामा ६.५१ प्रतिशत बजेत रकम भएको कार्यालयका प्रमुख पिताम्बर बस्नेतले जानकारी दिनुभयो।

पहिलो त्रैमासिकमा योजनाहरुको कुल ६० लाख ८८ हजार बजेट रहेको थियो। जसमा ३६ लाख २७ हजार ८ सय रुपैयाँ अर्थात ५३.२९ प्रतिशत बजेट खर्च भएको छ। कार्यालयको कुल भारित प्रगति ६९.१ प्रतिशत रहेको समीक्षा गोष्ठीमा जानकारी गराइएको छ। पहिलो त्रैमासिक अवधिमा व्यावसायिक कृषि र पशु कार्यक्रम सञ्चालन गरिएको छ। भैंसी, बंगुर, बाख्रा प्रवर्द्धन कार्यक्रम, घुम्ती शिविर, हिउँदे मकै बाली प्रदर्शन, प्राङ्गारिक मल उत्पादनमा प्रोत्साहन लगाएतका कार्यक्रमहरु सञ्चालन गरिएको कार्यालय प्रमुख बस्नेतले बताउनु भयो।

कार्यक्रममा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्यन एकाई रुकुम (पूर्व) रोल्पा कार्यालय र तीन वटै गाउँपालिकाका कृषि र पशु शाखाले अहिलेसम्म गरेका कामकाज र खर्च बजेट प्रस्तुत गरेका थिए। जसअन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्यन एकाई रुकुम (पूर्व) रोल्पा कार्यालयको लागि चालु आर्थिक वर्षमा ४ करोड ७ लाख बजेट बिनियोजन भएको थियो।

यस्तै भूमे गाउँपालिकाको कृषि सेवा केन्द्रले समीक्षा कार्यक्रमसँग जोडेर विभिन्न संघसंस्था तथा प्राविधिकसँग अन्तरक्रिया छलफल कार्यक्रम सम्पन्न गरेको छ। भूमे गाउँपालिका कृषि शाखामा करिब ३ करोड बजेट आएको कृषि शाखाका प्राविधिक शिखर विश्वकर्माले जानकारी दिनुभयो। उहाँले अति विपन्न किसानलाई सय प्रतिशत अनुदानमा विउ विजन वितरण गरेको र एक घर एक करेसाबारी निर्माण गर्ने लक्ष्य रहेको र अगुवा कृषकको क्षमता विकास तालिम उपलब्ध बनाउने लक्ष्य रहेको बताउनु भयो।

भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथिमा जिल्ला समन्वय समिति प्रमुख मेघ बहादुर श्रेष्ठ रहनुभएको थियो। त्यस्तै सिस्ने गाउँपालिका अध्यक्ष कृष्ण रेग्मी र भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढाको विशेष आतिथ्यता रहेको थियो। समीक्षा गोष्ठीमा सरकारी कार्यालयका प्रमुख एवम् प्रतिनिधिहरु, ३ वटै गाउँपालिकाका कृषि र पशु शाखाका प्रमुख एवं प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका कृषि अधिकृत थलराज बस्नेतले गर्नुभएको थियो।

# गहुँ खेती प्रविधि तथा रोग नियन्त्रण



**नारायण ओली**

**परिचय :** गहुँ विश्वको एक प्रमुख अन्न बाली हो। यो विश्वका प्रायः सबै देशमा खेती गरिन्छ। विश्वमा बालीको क्षेत्रमा गहुँले पहिलो स्थान ओगटेको छ। विश्वमा गहुँ उत्पादन तथा खपत गर्ने देशहरूमध्ये नेपाल एक प्रमुख देश हो। नेपालको कृषिमा धानपछिको दोस्रो स्थानमा गहुँ पर्छ। खाद्यान्नमा यसको महत्त्वपूर्ण भूमिका रहेको छ।गहुँ बाली पीठो उत्पादनका लागि खेती गरिन्छ। खासगरी पूर्वी भारतसहित देशको अधिकांश भागमा गहुँको पीठोको रोटी बनाएर खाइन्छ, जो एक प्रमुख खाद्य हो। गहुँको नल वा छवाली पशुआहारमा पनि प्रयोग हुन्छ।

नेपालीको मध्ये पहाडी क्षेत्रका लागि गहुँ प्रमुख बाली मानिन्छ। नेपालमा तराईदेखि उच्च पहाडसम्म गहुँ खेती गर्न सकिन्छ। नेपालमा ७ लाख १६ हजार ९ सय ७८ हेक्टर क्षेत्रफलमा खेती गरिन्छ। नेपालमा बार्षिक २१ लाख ४४ हजार ५ सय ६८ मेट्रिक टन उत्पादन हुन्छ। यस वर्ष भारतबाट ३ लाख मेट्रिक टन गहुँ आयत हुने अनुमान गरिएको छ। नेपालमा सबैभन्दा धेरै गहुँ उत्पादन हुने मधेश प्रदेश हो।

**हावापानी :** गहुँ खेती प्रायः सबै प्रकारको हावापानीमा गर्न सकिन्छ। गहुँ उमार्नको लागि २०-२६ डिग्री सेन्टिग्रेट र पाक्दा १४ देखि १७ डिग्री सेन्टिग्रेट तापक्रम हुनुपर्छ। गहुँ खेती पानी नजम्ने खालको दोमट माटो उपयुक्त हुन्छ। नेपालको हावापानी अनुसार ३४०० मिटर उचाइसम्म खेती गर्न सकिन्छ। यसका लागि

माटोमा पिएच ६.७-७.७ हुन जरुरी छ। यसका लागि प्रशस्त मात्रामा प्राङ्गारिक मलको प्रयोग गर्नुपर्छ। यहाँको स्थानीय हावापानी अनुसार कार्तिक देखि मंसिरको अन्तिमसम्म गहुँको बीउ छर्न सकिन्छ।

**जातहरू** : रुकुम पूर्व र यसका आसपासका सबै क्षेत्र मध्यदेखि उच्च पहाड पर्ने भएको हुँदा यहाँ स्थानीय रातो र सेतो गहुँ छरेको पाइन्छ। **WK** १२०४, पासाङल्यामु, अन्नपूर्ण १,२ गौतम र भृकुटी पनि खेती गरिन्छ।

**बीउदर** : गहुँको खेत गर्दा ६ केजी प्रति रोपनीका दरले १२० केजी प्रति हेक्टरका दरले बीउ रोप्न सकिन्छ। रोप्न योग्य गहुँको बीउमा ८५% उमार शक्ति, १२% चिस्यान र ९८% जातीय शुद्धता हुनुपर्छ। हाम्रो क्षेत्रमा गहुँको बीउलाई उपचार नगरिकनै छर्न सकिन्छ तर उपचार गर्नै पर्ने अवस्थामा भाइठाभेक्ट २०० ग्राम प्रति किलोका दरले बीउको उपचार गरेर छर्नुपर्छ। २०-२५ सेमीको फरकमा बीउ रोप्दा राम्रो मानिन्छ। बीउ उत्पादनका लागि अरु बाली लगाएको भन्दा ३ मिटरसम्मको दूरी फरक बनाउनु पर्छ भने कालो पोके रोग देखा परेको खण्डमा १५० मिटर पृथक्ता दुरी कायम राख्नुपर्छ।

**जग्गाको तयारी तथा मलको प्रयोग :**

गहुँ खेती गर्न कम खनजोत वा सतही छराई गर्ने तरीकाबाट गर्न सकिन्छ। रोटोभेटर वा पावर ट्रेक्टरबाट जोताई गरी सोझै गहुँ छर्न सकिन्छ। तर हाम्रोजस्तो पहाडी क्षेत्रमा मकै छरेको जमिनलाई राम्रोसँग खनजोत गरि बुर्बुराउँदो मसिनो माटो बनाउनु पर्छ। जग्गामा भएका सबै झारपातहरू हटाएर बीउ छर्नका लागि तयार गर्नुपर्छ। गहुँ छर्ने जग्गामा १ महिना अगाडि १ टन कम्पोस्ट मल प्रति हेक्टरका दरले छरेर कम्तीमा पनि दुई पटक खनजोत गरेर डल्लाहरू फुटाउनु पर्छ। खनजोत गरेको जमिनमा पानीको राम्रो निकास हुन जरुरी छ किनकि छरेको बीउ नउम्रेर कुहिन सक्छ। १२-१५ मेट्रिक टन प्राङ्गारिक वा गोठेमलसहित १००ः५०ः२५ के.जी. प्रति हेक्टरका दरले नाइट्रोजन, फोस्फोरस र पोटास अर्थात् (डि.ए.पि. ३.५ के.जी., यूरिया २.२ केजी, म्युरेट अफ पोटास १.५ केजी प्रति कठ्ठा) जग्गा तयारीको बेला प्रयोग गर्ने। गहुँको बीउ छरेको १ महिना पछाडि झारपात गोडेर नाइट्रोजनले टपड्रेस गर्न सकिन्छ भने हाम्रोजस्तो पहाडी क्षेत्रमा भने बीउ छर्नु पूर्व नै कम्पोस्ट मल प्रयोग गर्नुपर्छ।

**सिचाइ व्यवस्थापनः**

जमिन सुख्खा छ भने बाली लगाउनुभन्दा अगाडि नै सिंचाई गर्नुपर्छ। गहुँ बालीमा पानी जम्मा हुन दिनु हुँदैन तसर्थ खेत राम्ररी सम्याएको हुनुपर्छ। बीउ रोप्दा जमिनमा दुई चोटी सिंचाई गर्नु जरुरी छ।

विशेष गरि गहुँ बालीमा ४ पटक सिचाइ गर्नुपर्छ। जरा निस्किने बेला, गाज हाल्ने बेला, फूल फुल्ने बेला, दुध पसाउने र भरिने बेलामा सिचाइको आवश्यक पर्ने गर्छ। सिचाइ गर्दा माटो र बालीको अवस्था हेरेर २-४ पटकसम्म गर्न सकिन्छ। सिचाइ गर्दा मौसमी अवस्था हेरेर हावा नचल्ने बेला गर्न सकिन्छ। अझैं भन्ने हो भने बिहान वा बेलुकीपख सिचाइ गर्दा राम्रो मानिन्छ। सिचाइ गर्दा मल नबग्ने गरि फोहोरा सिचाइ गर्नुपर्छ किनभने हाम्रो जमिन भिरालो भएको कारणले गर्दा पहिरो जाने वा मल बगेर खेर जाने हुन सक्छ।

## रोग किरा तथा व्यवस्थापनः

### १. कीटकीटे खपट

**लक्षणहरू**

यसको लार्भाले गहुँको जरा काटिदिन्छ र बोट सुक्छ।

**व्यवस्थापन विधि**

- गहुँको फेंद काट्ने कीराका लागि राम्रो विषादी प्रयोग गर्ने।
- सिंचाई सुविधा भएमा राम्रोसँग सिंचाई गर्ने व्यवस्था मिलाउने।

### २. लाही कीरा

**लक्षणहरू**

बाला पसाउने बेलामा यसले साह्रै दुःख दिन सक्छ। लाही कीराहरूले कलीलो बालाको रस चुसी नोक्सान गर्ने गर्दछ।

**व्यवस्थापन विधि**

- लेडी विटल्स (मित्र खपटे) संरक्षण गरि प्रयोग गर्न सकिन्छ।
- डायमेथोएट ३०५ ई.सी. को १ मी.ली.प्रति लीटर पानीका दरले प्रयोग गर्न सकिन्छ।
- सिचाँइ गर्दा पनि राम्रो हुन्छ।

### ३. गुलावी गभारो

**लक्षणहरू**

यिनीहरूले गहुँको गुवो काटी नोक्सान गर्ने गर्दछन् र बोट सुक्दै जाने हुन सक्छ।

**व्यवस्थापन विधि**

- गवारोको क्षति कम गर्न हरेक वर्ष गहुँ काटिसकेपछि वमिनमन रहेका सम्पूर्ण ठूटा निकाली जलाइ दिनुपर्छ वा ठूटा डुब्ने गरी पानी हाल्ने वा सिचाइ गर्ने अथवा गहुँ काटिसकेपछि खेतलाई राम्रोसँग खनजोत गर्ने गर्नुपर्छ।
- बिरुवाको पातहरूका टुप्पोमा देखिएका फूलहरूलाई पातको टुप्पो निमुठेर नष्ट गर्ने।
- प्रकाशको पासोको माध्यमबाट वयस्क पुतलीलाई मार्ने गर्नुपर्दछ।
- ट्राइकोग्रामा जस्ता परजीवी कीरा बीउ छरेको ३-४ हप्तापछि छाडिदिने।
- गहुँ खेतको आलीमा कोसे बलीहरू लगाउने।
- व्यासिलस थुरीनजियन्सीस ३ ग्राम प्रति लिटर पानीका दरले छर्ने।
- गवारोहरूको धेरै प्रकोप भएको खेतमा कार्वोफ्यूरान खेतमा छिपछिपे पानी जमाइ छर्ने। विषादी छरेपछि ४ दिनसम्म खेतबाट पानी बग्न दिनु हुँदैन।
- माकुरा, लामा सिंगे फटयाङ्ग्राजस्ता मित्र जीवको संरक्षण गर्ने।

## गहुँबालीका मुख्य रोगहरू

### १. डढुवा रोग (Leaf blight)

**लक्षणहरू**

साना साजा खैरो रङ्गका थोप्लाहरू पातमा देखिछन्। पछि ती थोप्लाहरू बढ्दै गएर एक आपसमा जोडिई पात सुकेको वा डढेको जस्तो देखिन्छ।

**व्यवस्थापन विधि**

- भाइटाभेक्स-२००, दुइ ग्राम प्रति किलोका दरले बीउ उपचार गर्न सकिन्छ।

- पोटास मलको प्रयोग गर्न सकिन्छ।
- उपयुक्त समय र मौसम मिलायर गहुँ छर्ने।
- रोग अवरोधक गहुँका जातहरू लगाउने।

## २. खैरो सिन्दुरे (Brown rust)

**लक्षणहरू**

गहुँका पातको माथिल्लो सतहमा सुन्तला रङ्गका धेरै फोकाहरू देखिन थाल्दछन्। ती फोकाहरू छुट्टाछुट्टै रहेका हुन्छन्।

**व्यवस्थापन विधि**

- रोग अवरोधक जातहरू छनौट गरि लगाउने।
- सिफारिस गरे अनुसारको मलखाद प्रयोग गर्ने, उपयुक्त समयमा गहुँ छर्ने।
- गहुँको बोट ठूलो भएमा म्यान्कोजेव ७५% डव्लु.पि. (डाइथेन एम—४५) नामक विषादी १.५-२ के.जी. प्रति हे. ७५० लिटर पानीमा मिसाई १५ दिनको अन्तरमा २-३ पटक छर्कने। हाम्रो जिल्लाको हकमा जैविक विषादीहरू प्रयोग गर्ने।

## ३. पहेंलो सिन्दुरे (yellow rust)

**लक्षणहरू**

गहुँको पातको माथिल्लो सतहमा पहेंला, लाम्चिला फोकाहरू एक अर्कासँग मिलेका धर्सा परेर बसेका हुन्छन्।

**व्यवस्थापन विधि**

- रोग अवरोधक जातहरू जस्तैः डव्लु के १२०४, पासाङ्गल्हामु, लगाउने र ठीक समयमा गहुँ छर्ने।
- सिफारिस गरिए अनुसार मलखादको प्रयोग गर्ने।
- माथि खैरो सिन्दुरे जस्तैः रासायनिक वा जैविक बिसादी प्रयोग गर्ने।

## ४. कालो पोके (Loose smut)

**लक्षणहरू**

बालामा दाना लाग्नुको सट्टा कालो धूसीले भरिएको हुन्छ। गहुँका बालाहरू कालो पिठो जस्तो पदार्थले भरिएको हुन्छ।

**व्यवस्थापन विधि**

- स्वस्थ बीउको प्रयोग गर्ने।
- भाइटाभेक्स-२०० विषादी २ ग्राम प्रति किलो बीउका दरले गहुँको बीउ उपचार गरी छर्ने।
- रोग लागेको बालाबाट धूलो नझर्दै उखेलेर खाल्डोमा गाड्ने अथवा जलाई दिने गर्नुपर्छ।
- अन्नपूर्ण-४ जातको गहुँमा यो रोग कम लाग्ने हुँदा यो जात लगाउन सकिन्छ।

## ५. गन्हाउने कालो पोक (Stinking smut or hill bunt)

**लक्षणहरू**

रोगी दानाहरू गोलाकार हुन्छन् र कालो रङ्गको जीवाणुहरूले भरिएका हुन्छन्। ती जीवाणुहरू दाना फुटाएर बाहिर झर्दछन्। नजिकबाट सुँघ्दा माछा कुहिएको जस्तो सिद्राको जस्तो गन्ध आउँछ।

**व्यवस्थापन विधि**

- दुई तीन वर्षसम्म घुम्ती बाली लगाउने वा गहुँ नै नलगाउने गर्नुपर्छ।

- भाइटाभेक्स-२०० विषादी २ ग्राम प्रति किलो गहुँको बीउका दरले बीउको उपचार गरी छर्ने।
- स्वस्थ्य र रोग प्रतिरोधक बीउहरूको प्रयोग गर्ने।

**बाली काट्ने र भण्डार गर्ने :**

गहु राम्रोसँग सुकेर पहेलो भएपछि दातले टोक्दा दूध ननिस्किने कडा भएको खण्डमा गहुँको क्षति कम हुनेगरी काट्ने र चुट्ने गर्नु पर्दछ। गहुँको गोडालाई ३-४ घाम सुकाएर चिस्यान १२% मा झारी झारपात राम्रोसँग केलाएर भण्डारण गर्नुपर्छ। हावा नछिर्ने भाडोमा टिन वा माटोले बन्नेका भाडामा राख्नुपर्छ। भण्डारण गर्दा बनेस्पतीका धुलो वा झोल प्रयोग गर्न सकिन्छ। निमको बीउको धुलो, टिम्मुरको धुलो, बोझोको धुलो आदि प्रयोग गर्ने वा कपडामा बेरेर सेलफस प्रयोग गरेर पनि भण्डारण गर्न सकिन्छ।


# खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रूकुम पूर्वको सूचना

पूर्ण सरसफाइ प्राप्तिको लागि निम्न कुरा अबलम्बन गरौं।

- दिसा पिसाबका लागि चर्पीको मात्र प्रयोग गरौं ।
- दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र खाना खानु अघि साबुनपानीले राम्रोसँग हात धुने गरौं ।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
- सुरक्षित खानाको प्रयोग गरौं ।
- घरभित्र र बाहिरका तरल, पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

१. नेपाल सरकारले गैरआवासीय नेपालीलाई गैरआवासीय नागरिकता वितरण गर्न कहिलेदेखि सुरु गरेको थियो?

✍ वि.सं. २०८० असोज ३० (पहिलो पटक नागरिकता कुल आचार्य र बद्री केसीलाई प्रदान गरिएको।)

२. मदन पुरस्कार विजेता चित्तरञ्जन नेपालीको निधन कहिले भएको थियो ?

✍ वि.सं. २०८० असोज २९ गते

३. चीनमा सम्पन्न १९ औं एसियाली खेलकूदमा नेपालले कति वटा पदक जितेको थियो ?

✍ २ वटा (नेपालले १ रजत र १ कास्य गरी जम्मा २ वटा पदक जितेको थियो।)

४. विश्व मानसिक स्वास्थ्य दिवस कहिले मनाइन्छ ?

✍ अक्टोबर १० (सन् २०२३ को नारा– मानसिक स्वास्थ्य: विश्वव्यपी मानवअधिकार।)

५. नेपालको संविधान (२०७२) मा स्थानीय तहको अधिकार सूचीअन्तर्गत कति वटा अधिकार सूची रहेका छन् ?

✍ अनुसूची ८ अन्तर्गन जम्मा २१ वटा अधिकार सूचीहरु रहेका छन्।

६. सगरमाथाको आधार शिविर भनेर कुन ठाउँलाई मानिन्छ ?

✍ नाम्चे बजार

७. कम्प्युटरका पिता भनेर कसलाई चिनिन्छ ?

✍ चाल्स बेवेज

८. मार्फा कृषि फार्म कहाँ रहेको छ ?

✍ मुस्ताङ

९. किरातहरुको धर्म ग्रन्थलाई के भनिन्छ ?

✍ मुन्धुम

१०. गोरखाको मनकामना मन्दिरमा कुन जातिको पुजारी रहेका हुन्छन ?

✍ मगर

*संकलन : चेतन बुढा मगर भूमे-६, रुकम (पूर्व)*

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा, यूवा तथा खेलकूद शाखा)

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. (शिक्षा) ८०/०८१
च.नं.: ४६४

मिति: २०८०/०८/१२

विषयः लेखा परिक्षक नियूक्तिको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।

श्री सूचिकृत लेखापरिक्षकज्यूहरु ।

प्रस्तुत विषयमा भूमे गाउँपालिकाको शिक्षा ऐन, २०७४, तथा नियमावली, २०७४, बमोजिम गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको लेखा परिक्षण गाउँ कार्यपालिकाबाट नियूक्त दर्तावाला लेखा परिक्षकबाट गराउने प्रावधान रहेकोले यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुको आ.व. २०७९/०८० को लेखा परिक्षणको लागि नेपाल चार्टर्ड एकाउन्टेनट्स संस्था (ICAN) मा बैधानिक दर्तावाला इच्छुक रजिष्टर्ड लेखा परिक्षकहरुले तपसिलका कागजातसहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र शिक्षा, यूवा तथा खेलकूद शाखामा वा शाखाको इमेल ठेगाना edu.bhumemun@gmail.com मा रितपूर्वक निवेदन दिनको लागि यस कार्यालयको मिति २०८०/०८/१२ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः-

१) लेखा परीक्षकको सूचि दर्ता निवेदन
२) स्थायी लेखा नम्बरको प्रतिलपी
३) नेपाल चार्टर्ड एकाउन्टेनट्स संस्थाबाट (ICAN) लिएको नविकरण सहितको पेशागत प्रमाणपत्र प्रतिलिपी
४) फर्म नविकरण तथा आ.व. २०७९/०८० को कर चुक्ता कागजातको प्रतिलीपी
५) VAT मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
६) बहालवाला लेखापरीक्षकको हकमा विभागीय स्वीकृति
७) प्रचलित कानुन बमोजिम कालो सूचिमा नपरेको तथा लेखापरीक्षकको कसुरमा कारबाही नभएको स्वः घोषणा

**नोटः- म्याद नाघी आएको तथा उपयुक्त प्रावधानहरु पुरा नगरेका निवेदन स्वतः अमान्य हुनेछ ।**

कौशल कुमार तिवारी
शिक्षा अधिकृत(छैटौ)

कौशल कुमार तिवारी
शिक्षा अधिकृत/शाखा प्रमुख

**बोधार्थः**
श्री सूचना अभिलेख केन्द्रः web site मा अपलोड गर्नु हुन ।

कार्यक्रम संचालनको लागी प्रस्ताव आव्हान सम्वन्धि सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८०/०८/०६ गते)

सुचना नं. ३

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रुकुम पुर्वको आ.व. २०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रथम पटक सूचना प्रकाशन गरिएकोमा तपशिलका कार्यक्रमहरुमा पर्याप्त प्रस्ताव नआएकोले यस परियोजना कार्यान्वयन एकाइ, रुकुम पूर्वमा सूचीकृत भएका इच्छुक कृषक समुह/कृषि सहकारी/कृषि उद्यमि फर्म/जल उपभोक्ता समितिहरुले आवश्यक कागजात सहित दोश्रो पटक सूचना प्रकाशन भएको मिति २०८०/०८/०६ गते देखि २०८०/०८/२० गते (१५दिन) भित्र परियोजना कार्यान्वयन एकाइ, रुकुम पूर्वमा प्रस्ताव पेश गर्नुहुन सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क.स. | कार्यक्रम/क्रियाकलाप | एकाई | लक्ष्य | वजेट (रु. लाखमा) | उपलब्ध हुने अनुदान | कार्यक्रम संचालन हुने क्षेत्र |
|---|---|---|---|---|---|---|
| १. | भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | संख्या | १ | १५ | बढिमा ८५ % | आलु जोन, रुकुम पुर्व |
| २. | चक्लावन्दिमा जोन संचालनको लागी सहकारी र निजि क्षेत्रवाट माग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | संख्या | २ | १० | बढिमा ५० % | आलु जोन, रुकुम पूर्व |
| ३. | प्राविधिक शिक्षालयको साझेदारिमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | पटक | १ | १० | बढिमा ७५ % | रुकुम पूर्व र रोल्पा |

कार्यक्रम संचालन हुने कार्यक्षेत्रहरु

| | |
|---|---|
| ओखर जोन रुकुम पूर्वको कार्यक्षेत्रः | रुकुम पुर्व जिल्लाभरी |
| आलु जोन रुकुम पूर्वको कार्यक्षेत्रः | सिस्ने गाँउपालिका वडा नम्वरः- ४,५ र ६<br>भुमे गाँउपालिकाः- १, २, ६ र ७<br>पुथाउत्तरगंगा गाँउपालिकाः- ८, १०, ११ र १२ |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. रु १०/- को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचामा प्रस्ताव सहितको निवेदन

२. कृषि फर्म/कृषक समुह/कृषि सहकारीको दर्ता प्रमाण पत्र, नविकरण, प्यान/भ्याट दर्ता प्रमाण पत्र, गत आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

३. कृषक समुह/कृषि सहकारीको हकमा योजना माग सम्वन्धमा गरिएको वैठकको निर्णयको प्रतिलिपि/जिम्मेवारी तोकिएको व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

४. सम्वन्धित स्थानीय तह (गाँउपालिका, नगरपालिका वा वडा कार्यालय) को सिफारिस पत्र

५. अन्य कुरा प्रचलित कानुन वमोजिम हुने छ र रित नपुगि र म्याद नाघि प्राप्त निवेदन उपर कुनै कार्यवाहि हुने छैन ।

**नोटः**

१. विगत आ.व.हरुमा यस कार्यालयवाट अनुदान प्राप्त नगरेका कृषक समुह/कृषि सहकारी र कृषि उद्यमि फर्महरुलाई विशेष प्राथमिकता दिइनेछ ।

<u>थप जानकारीका लागि</u>

परियोजना कार्यान्वयन एकाई, रुकुम पूर्व- ०८८-४१३११४, ९८५७८७७०२३

२०८०।८।५

**भूमे गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**खाबाङबगर, रुकुम (पूर्व)**

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।